संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन

बितरक चाहियो
त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो। सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▶▶ अंक ३३५ ▶▶ असार १० बिहीबार ,२०७८, June –24 Thursday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

गाईघाटमा बजार अनुगमन, अखाद्य सामग्री बेच्ने व्यापारीलाई जरिवाना

❖ **मुलुकी संबाददाता**

गाईघाट असार ९

उपभोक्ताको स्वास्थ्य संवेदनसिलतामाथि खेलवाड गर्दै अखाद्य वस्तु बेच्ने गरेका गाईघाटका दुई किराना पसल सञ्चालककलाई जिल्ला अनुमगन समितिले जरिवाना तिराएको छ। बुधबार दिउँसो सहायक प्रमुख जिल्ला अधिकारी नेतृत्वको अनुगमन समितिले गरेको छड्के अनुगनममा अखाद्य वस्तु बेच्ने गरेको तथ्य फेला परेपछि उनीहरुमाथि कारबाही गरिएको हो ।

अनुगमनको क्रममा म्याद गुज्रेका अखाद्या वस्तु बेच्न राखेको पाइएपछि गाईघाटका प्रशान्त किराना पसल र पाण्डे किराना पसलमाथि अनुगमन समितिले कारबाही गरेको हो। जस अनुसार प्रशान्त किराना पसललाई २० हजार र पाण्डे किराना पसललाई १० हजार रुपैया जरिवाना तिराइएको जिल्ला अनुगमन संयोजक सहायक सिडिओवनोद पोखरेलले बताए।वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरका प्रमुख सन्तोष पोखरेल, प्रहरीलगायत सरोकारवाला निकायका प्रतिनिधि संलगन टोलीले उपभोक्ताको गुनासोका आधारमा छड्के अनुगमन गरेको जनाएको छ। अनुगमन गर्ने क्रममा प्रशान्त किराना पसल र पाण्डे किराना पसलले उपभोक्ता संरक्षण ऐनविपरित उपभोक्ता ठग्ने काम गरेको पाइएकाले जरिवानाको कारबाही गरेको हो।

जिल्लास्थित सुरक्षा कार्यालय, घरेलु विकास कार्यालय प्रमुख, खाद्य तथा गुण नियन्त्रण डिभिजन प्रमुखलगायत सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिसमेतको सहभागितामा भएको अनुगमन टोलीले खाद्यान्न सामग्रीको बील, विजकसमेत देखाउन नसकेको पाएपछि घट्नास्थलमै कारबाही गरेको हो। म्याद गुज्रेका खाद्यान्न बेच्ने र आवश्यक बील, विजकजस्ता कागजात पनि अद्यावधि गनर्ने कमजोरी फेला परेपछि उनीहरुमाथि कारबाही गर्नु परेको टोलीले जनाएको छ।

जिल्ला अनुगमन समितिले पटकपटकको अनुगमनमा बजारका कतिपय व्यापारीले अखाद्य वस्तु बेच्ने गरेको पाइए पनि यसअघि व्यापारीलाई चेतावनी दिएर छाडिदै आइएको थियो। तर, यसपटक भने तत्काल जरिवाना गराएर उदाहरणीय काम गरेको भन्दै उपभोक्ताहरु खुसी भएका छन्। यसअघि अनुमगन गर्दा गल्ती भेटे पनि अनुगमन समितिले व्यापारीहरुलाई आगामी दिनमा यस्तो गल्ती नगर्न चेतावनी दिदै छाड्ने गरेकोमा यसपटक कारबाही गरेर राम्रो काम गरेको एक बजारबासीले प्रतिक्रिया दिए।

lj ut df w]}k6s r] fj gLdfq lbP/ 5fl8lbg] ug{h]klg Jofkf/ Lx? yQ/ f] eP/ cvfB j:t' aRg g5 f8$ f] 7x/ pkef]Qmfs f] 5 . To; }n] klg Jofkf/ Lx?n fO{ ; 'wf g{ sf/afxL u/$ f] /fd|f] klf df G5g\:yfgLo .hl/j fgf; lxt} 6f]hLn] cg'udgsf] qmddf kmf k/$f !# xhf/ dN' a/fa/sf]Dofb uh|$f ; fdfg a/fdb u/L gi6 u/$f] 5 . 6f]hLn] kz' fG / kf08] lx} ahf/sf c? # j 6f k; ndf; d] cg'udg ubf{ Dofb uh|$f] /]8dB /; j /L, lj :s'6, s'd{/], n]h, elhofh:t f hs+ kmb -t of/L vfhf_!# xhf/ # ; o dN' बराबरको जफत गरी नष्ट गरिएको हो।

टोलीमा सहभागी उपभोक्ता संरक्षण अधिकृत पोरखेलका अनुसार जारी कोरोना महामारीका बेला ब्यापारीहरुले खाद्यान्न वस्तुको कालाबजारी गर्ने तथा कृतिम अभाव सिर्जना गरेर उपभोक्तालाई दुःख दिने सर्वसाधारणको गुनासोका आधारमा अनुगमन थालिएको हो। सामानको बील बिजक नहुनुको अर्थ कृतिम अभाव सिर्जना र कालाबजारी भएको अनुमान गर्न सकिने टोलीले जनाएको छ। त्यसैले अब कारबाहीमा परेका यी पसलहरुमाथि समितिले निगरानी राख्ने र उपभोक्तालाई पनि निगरानी गर्न सुझाएको छ। आगामी दिनमा पनि यस्तो गल्ती गरेको पाइए थप कडा कारवाही गर्ने चेतावनी सहायक सिडिओ पोखरेलले दिएका छन्।

> *अनुगमनको क्रममा म्याद गुज्रेका अखाद्या वस्तु बेच्न राखेको पाइएपछि गाईघाटका प्रशान्त किराना पसल र पाण्डे किराना पसलमाथि अनुगमन समितिले कारबाही गरेको हो। जस अनुसार प्रशान्त किराना पसललाई २० हजार र पाण्डे किराना पसललाई १० हजार रुपैया जरिवाना तिराइएको जिल्ला अनुगमन संयोजक सहायक सिडिओवनोद पोखरेलले बताए। वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरका प्रमुख सन्तोष पोखरेल, प्रहरीलगायत सरोकारवाला निकायका प्रतिनिधि संलगन टोलीले उपभोक्ताको गुनासोका आधारमा छड्के अन अनुगमन गरेको छ।*

सगरमाथा डिपाटमेन्ट
स्टोर, गाईघाट, उदयपुर

SAGARMATHA
Store

सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामान्हरु गाईघाटमा एकै ठाउमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर
प्रोपाइटर - **किरण चामलिङ राई**

समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय नगरपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं।

कटारी नगरपालिका
कटारी, उदयपुर

कटारीका ५ वडाद्वारा छुट्टै गाउपालिका माग

❖ त्रिषी राई

कटारी, असार १०

कटारी नगरपालिकाका माथिल्लो पहाडी भेगका ५ वडालाई समेटेर छुट्टै स्थानीय तह गाउँपालिका निर्माण गर्न माग गर्दै नगरपालिकामा ज्ञापन पत्र वुझाईएको छ। मंगलबार १४ वटा वडा रहेको नगरपालिकाका वडा नम्बर ९,१०,११ ,१३ र १४ नम्बर वडालाई समेटेर छुट्टै गाउँपालिका निर्माणको माग गर्दै ज्ञापन पत्र बुझाईएको छ ।

गाउँपालिका माग सहजिकरण समितिका संयोजक अम्बर बहादुर मगर हस्ताक्षरित ज्ञापन पत्र नगरपालिकाका प्रमुख मेयर ज्ञानेन्द्र श्रेष्ठ र उपप्रमुख भिमकुमारी राउतलाई बुझाईएको हो । ज्ञापन पत्र बुझाउन उक्त वडाका वडाध्यक्षहरु , कार्यापालिकाका सदस्यहरु तथा सरोकारवालाहरु नगरपालिका आईपुगेका थिए ।

नगरभित्रको नगरवाट वितरण गरिने सेवा सुविधाहरु भौगोलिक विकटता , स्थायी पूर्वाधारको अभाव , दुरीका हिसाबले नगरबाट लिन समस्या रहेकोले छुट्टै स्थानीय तह गाउँपालिकाका आवश्यक रहेको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।५६ हजार १ सय ४६ जनसंख्या रहेको नगरपालिकामा उक्त वडाहरुका मात्रै १८ हजार ५ सय ६६ जनसंख्या रहेकाले नगरपालिकालाई समेत नगरपालिका रहन कुनै असर नपुग्ने अवस्थामा छुट्टै गाउँपालिकाको माग गरिएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

गाउँपालिकाको मापदण्डको आधारमा भुगोल , जनसंख्या र भौतिक पूर्वाधारहरु पुग्ने भएकाले संविधानको धारा २९५ को विभिन्न दफाहरुमा समेत उल्लेख कुराहरु अनुसार गाउँपालिका निर्माण गर्न सकिने अवस्था भएकाले गाउँपालिकाको माग गरिएको संयोजक मगरले बताए।

गाउँपालिका निर्माणका लागि नगरसभाले सर्वसहमत निर्णय गरी सम्बन्धित निकायमा सिफारिस गरिदिन आग्रह गर्दै आवश्यक कागजात सहित ज्ञापन पत्र बुझाईएको समितिले जनाएको छ।ज्ञापन पत्र वुझ्दै नगरपालिकाका प्रमुख मेयर श्रेष्ठले नगरमा माथिल्लो भेगका वडाहरुलाई रहेको समस्या भएकाले ज्ञापन पत्रमा एकेवद्धता रहेको बताए ।

‘ कार्यापालिकाको वैठकमा यो विषय पेश गर्छु ’मेयर श्रेष्ठले भने -‘कार्यापालिकाको वैठकमा जनप्रतिनिधिहरुबाट यो विषय सर्वसहमत पास गर्न छलफल राख्छु ।’जिल्ला समन्वय , प्रदेश सरकार र केन्द्र सरकारसम्म एउटा टोली बनाएर गाउँपालिका निर्माण्का लागि डेलिगेसन जाने प्रतिवद्धता समेत मेयर श्रेष्ठले जनाए।

सहजिकरण समितिका संयोजक मगरले माथिल्लो वडाहरुका जनप्रतिधिदेखि स्थानीय सम्मले छुट्टै गाउँपालिका निर्माणका लागि यस अघि नै प्रकृया थालेको भएपनि निषेधाज्ञाका कारण समस्या भएकाले अहिले ज्ञापन पत्र बुझाएको बताए। नगरवासी हुँदा गर्व भएपनि भौगोलिक कारणले जहिले पनि समस्या भोग्नु परेकाले गाउँपालिकाको आवश्यकता रहेको बताए । ‘नगरपालिकाले चाहाँदा चाहाँदै पनि भौगोलिक विकटता कारण समस्या छ ।’उनले भने - ‘त्यसकारण जनप्रतिधि , राजनीतिक दल , सरोकारवालाहरु र स्थानीयले छुट्टै गाउँपालिका माग गरेका हौं ।’ उक्त वडाहरुलाई छुट्टै गाउँपालिका निर्माणका लागि राज्य पुर्नसंरचनाका समयमा पनि आन्दोलन गरेको स्मरण गराउँदै वडा नम्बर ११ का वडाध्यक्ष दिपक बुढाक्षेत्रीले छुट्टै गाउँपालिका अति आवश्यक रहेको बताए ।

विगतमा पनि आन्दोलनको नेतृत्व गरेका वडाध्यक्ष क्षेत्रीले त्यतिवेला आन्दोलनले वडाको संरचना निर्माणमा सहमति जनाएपनि गाउँपालिका निर्माण गर्न नसकेपनि हाल व्यवहारगत रुपमा काम गर्न पनि गाउँपालिका आवश्यक रहेकोले गाउँपालिकाको निर्माणका लागि माग गरिएको बताए ।

भिरमा सडेको लास भेटियो

❖ मुलुकी संबाददाता

कटारी, असार ९

उदयपुरमा सडिसकेको अवस्थामा अज्ञात व्यक्तिको लास प्रहरीले फेला पारेको छ । कटारी नगरपालिका ५ सहलेस जंगलको बाटोदेखि अन्दाजी २० फिट तल भीरालो पाखामा सडिसकेको अज्ञात व्यक्तिको लास मंगलबार दिउसो स्थानीयले देखेर प्रहरीलाई खवर गरेका थिए ।

प्रत्यक्षदर्शीको टेलिफोनमार्फत खवर गरे अनुसार इलाका प्रहरी कार्यालय कटारीबाट खटेको निरीक्षक कमाण्डको टोलीले घट्नास्थलबाट सडेगलेको अवस्थाको लास बरामद गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । रातो सर्ट, कालो कटन पाइन्ट, सेतो सेन्डो भेस्ट लगाएको पुरुषको लास सडेर औंसा परिसकेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार लास सडिसकेर हाडहरु छरपस्ट अवस्थामा रहेकाले मान्छे पहिचान गर्न गाह्रो भएको छ । घट्नास्थलबाट सर्जमिन मुचुल्का गरी ल्याएको लास कटारी अस्पतालमा बुधबार पोष्टमार्टम गरी दाहसंस्कारका लागि नगरपालिकालाई जिम्मा लगाइएको प्रहरीले जनाएको छ । नगरपालिकाले बुधबारै लासको अन्त्यष्टी गरेको जनाएको छ ।

क्याप्सन: भीरमा भेटिएको सडिसकेको अज्ञात लास । तस्विर: मुलुकी

बाराहपोखरी गाउँपालिकाको कार्यालयद्वारा
गाउँपालिकावासी जनसमुदायलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत नक्सा, व्यावसाय कर आदि समयमा नै बुझाऔं ।
२. बच्चा जन्मेको ३५ दिनभित्र अनिवार्य बच्चा दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर–आँगन [illegible] पोखरीलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसाय गरौं तथा उपभोक्ता अधिकारहित पालना गरौं ।
६. बालबालिकालाई उमेरमा नै विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्पन्न र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित वातावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बाराहपोखरी गाउँपालिकाको कार्यालय
[illegible]

मदन भण्डारी राजमार्ग
योजना कार्यालय गाईघाट

सार्वजनिक महत्वको सूचना !

सार्वजनिक सडकमा निर्वाधरुपमा आवागमन गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्बर्द्धन, सम्भार एवं सुरक्षा गर्नु पनि हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर टहरागायतका अस्थायी एवं स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने, सडक सीमाभित्र निर्माण सामग्रीहरु थुपार्ने कार्य, फोहोर मैला डम्प गर्ने कार्य, सडकमा नै सवारी साधनहरु धुने आदि कार्य नगरिदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाईपलाईनहरु सम्बन्धित निकायबाट यथाशिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु सहयोग गरिदिनु हुन सबै सरोकारवाला व्यक्ति तथा निकायलाई हार्दिक अनुरोध गर्दछौं ।

आयोजना प्रमुख

कर तिरौं : असल नागरिकको परिचय दिऔं ।

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय नगरपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

कटारी नगरपालिका

कटारी नगरपालिका टुक्रिएला ?

❖ बेदकुमारी राई

कटारी, असार ९

कटारी नगरपालिका टुक्राउने विषयले अहिले जिल्लाको पश्चिम क्षेत्र तातिएको छ । नगरपालिकाका पहाडी भेगका ५ वटा वडाबासीले नगरपालिकालाई टुक्राएर छुट्टै गाउँपालिका बनाउने प्रस्ताव नगरप्रमुखलाई बुझाएपछि यसबारे चर्चा सुरु भएको हो ।

नगरपालिकाका १४ वडामध्ये ९, १०, ११, १३ र १४ नं. बासी जनताले अलग्गै स्थानीयतह बनाउन पाउँ भन्दै मंगलबार नगरपालिकामा ज्ञापनपत्र पेश गरेका थिए । छुट्टै स्थानीयतह निर्माण सहजीकरण समिति संयोजक अम्बरबहादुर मगरद्वारा हस्ताक्षरित ज्ञापनपत्र नगरप्रमुख र उपप्रमुखलाई बुझाइएको थियो । समितिले बुझाएको ज्ञापनपत्रबारे बुधबार बसेको कार्यपालिका बैठकमा छलफल भउको छ । बैठकमा स्थानीयतह टुक्राउन मिल्ने नमिल्ने कानुनी प्रावधानबारे अध्ययन गर्ने र कानुनी व्यवस्था भए मागबारे सहमति दिने निर्णय भएको एक नगर सदस्यले बताए ।

आधाभन्दा बढी भूभाग र जनसंख्या बिकट पहाडी भेगमा बसोबास गर्ने गरेको कटारी नगरपालिका भौगोलिक विकटताका कारण जनताले नगरबासी भएको महसुस गर्न नसक्दा टुक्राउने माग गरेका हुन् । त्यसमाथि नगरप्रमुख, उपप्रमुखलगायत जनप्रतिनिधिले पहाडी भेगको विकास निर्माणतर्फ वास्तै नगर्ने, वडाबासीका सडक, स्वास्थ्य, खानेपानी, शिक्षा जस्ता विषयमा बेपर्वाह देखिएपछि नगरपालिकाप्रति उनीहरु रुस्ट बनेका हुन् ।

दक्षिणमा सिराहा, धनुषा, महोत्तरी र पश्चिममा सिन्धुली जिल्लासँग सीमा जोडिएको कटारी नगरपालिकाको भूगोल उत्तरमा ओखलढुंगा र खोटाङसँगसमेत जोडिएको छ । भूभागको हिसावले सिराहाको सीमाना चुरेदेखि ओखलढुंगा जोड्ने घुर्मीसम्म फैलिएको कटारीका ५ वटा वडाहरु अत्यन्त बिकट र नगरपालिका केन्द्र कटारीदेखि टाढा भएकाले अलग्गै गरिखान हौसिएका हुन् ।

ससाना काम लिन पनि खर्चको जोहो गर्दै दिन माया मारेर कटारी बजारसम्म धाउनुपर्ने बाध्यता, गाउँले जनताप्रति मेयर उपमेयरको बेवास्ता र विकास निर्माणमा जति आग्रह गरे पनि चासो नदिएपछि पहुँचविहीन भएको अनुभूति गरेका स्थानीयबासी बाध्य भएर पहाडी भेगका वडालाई नगरपालिकाबाट छुट्याएर गाउँपालिका बनाउने सोँचमा पुगेको बताउँछन् । उनीहरुका अनुसार नगरबासीको बिल्ला भिरे पनि सेवा सुविधाको हकमा गाउँपालिकाजत्ति पनि नभएपछि स्थानीयले यस्तो माग गर्नु स्वभाविक भएको बताउँछन् ।

क्याप्सन: नगरपालिका टुक्राउने विषयमा छलफल गर्दै । तस्विर: मुलुकी

सम्पर्क - ९८६२९३६१९०
गाईघाट ९८११७४५०६७
सेकुवा कर्नर
हाम्रा सेवाहरु

रैताको शुद्ध पानी,
सुरक्षित जिन्दगानी ..

हामी सबैको ।
रोजाइ रैता साबुन ॥

रैतामाई साबुन र सर्फ उद्योग

रोदुङ सेकुवा कर्नर
यहाँ खाजा नास्ता पाइन्छ ।
प्रोपाईटर - **अगम चामलिङ राई**, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर । स्थान- गाईघाट मुख्य चोक उत्तर लोकतान्त्रिक पिपलचोक जाने दाँया साइडमा । एनएमबी बैङ्क अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ ।

डिभिजन वन कार्यालय
त्रिबेणी, उदयपुर

"एक बिरुवा रोपौं, वन जोगाऔं,
हरियाली बचाऔं,
जलवायु परिवर्तन हुनबाट रोकेर
सम्पूर्ण मानव सभ्यताको
रक्षा गरौं ।"

डिभिजन वन अधिकृत

बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किरणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।
सम्पर्क - ९८६८१९८५२४ / ९८०२९१५२९६ प्रोपाइटर - **भरत चामलिङ राई**

सप्तकोशी होटल एण्ड लज
प्रोपाइटर - कैलाश चामलिङ राई ।
सम्पर्क -
९८६२८३४६५६
९८४२९८३५१०

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड,
प्रोपाइटर:-**थमान चामलिङ राई** सम्पर्क-
९८४२९७५८७७, ९८१९७३८६८३

त्रिनपा-११ गाईघाट, असार िरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसंगै जोडिएकोप्रोपाइटर

बिनोदकुमार पाण्डे
पाण्डे श्री सप्लायर्स & ट्रेडर्स
सम्पर्क- ९८५२८३०५८२
यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।

समुह डि बाट टोली शिर्ष १६ मा

❖ बिबेक राई

गाईघाट, असार ९

यूरोपमा जारी १६ औं यूरोपियन फुटबल च्याम्पियनसिप (यूरोकप) मा समुह डि बाट चारमध्ये तीन टोली शिर्ष १६ मा पुग्न सफल भएका छन् । इंग्ल्याण्ड समुह विजेता, क्रोएशिया समुह उपविजेता र चेक रिपब्लिक उत्कृष्ट तेस्रो हुने टोलीमा पर्दै शिर्ष १६ अर्थात नकआउट चरण प्रवेश गरेका छन् । समुहको विजेता इंग्ल्याण्डलाई बराबरीमा रोक्न सफल स्कटल्याण्ड भने समुह चरणबाटै बाहिरिएको छ । समुहका अन्तिम दुई खेल एकैपटक खेलाउनुपर्ने नियमअनुसार समुहको अन्तिम दुई खेलपछि सो नतिजा आएको हो ।

बुधबार बिहान १२:४५ बजे सुरु भएर २:४५ तिर सकिएको खेलमा इंगलयाण्डले चेक रिपब्लिकलाई १-० र क्रोएशियाले स्कटल्याण्डलाई ३-१ ले हरायो । घरेलु दर्शक र मैदानको फाइदा उठाउँदै इंग्ल्याण्डका रहिम स्टर्लिङले गोल गरेका थिए । लण्डनस्थीत वेम्बले रंगशालामा इंग्ल्याण्डले राम्रो तालमेल मिलाएपछि १२ औं मिनेटमा गोल निस्किएको थियो । डिबक्सभित्र बुकायो साकाले ज्याक ग्रेलिसलाई दिएको पासमा ज्याकले कप्तान ह्यारी केनलाई हेडपास र केनले फेरी ज्याकलाई पास दिएका थिए । त्यसपछि ज्याकले गरेको क्रसमा रहिम हेड गोल गर्न सफल भए ।
रहिमसँगै साका पनि गोल प्रयासका लागि उफ्रिएपनि बललाई भेट्टाउन सकेनन् । यस प्रतियोगितामा रहिमको इंग्ल्याण्डको लागि यो दोस्रो गोल हो । समुहको पहिलो खेलमा क्रोएशियालाई १-० ले हराउँदा पनि रहिमले नै गोल गरेका थिए । समुहको दोस्रो खेलमा इंग्ल्याण्डले छिमेकी स्कटल्याण्डसँग गोलरहित बराबरी खेलेको थियो । चेक रिपब्लिक र इंग्ल्याण्ड दुवै ४-२-३-१ को रणनीतिमा मैदान उत्रिएको थियो । पोर्चुगलका रेफ्री अर्टर सोरेस डियसले खेल अवधिभरमा एकमात्र पहेँलो कार्ड ६१ औं मिनेटमा चेक रिपब्लिकका जान बोरिललाई दिएका थिए ।
खेलपछि इंग्ल्याण्डका साका स्टार अफ द म्याच चुनिए । फिफा वरियतामा इंग्ल्याण्ड चौथो स्थानमा छ भने चेक रिपब्लिक ४० औं स्थानमा छ । ३६ स्थान तलको चेक रिपब्लिकमाथि १-० को साँघुरो जीत दर्ता गरेसँगै इंग्ल्याण्ड समुह विजेता बन्दै शिर्ष १६ पुग्न सफल भयो । इंग्ल्याण्ड र चेक रिपब्लिकको हेड टु हेडमा योसहित अहिलेसम्म यी दुईको पाँच भेटमा इंग्ल्याण्डले तीनमा जीत एकमा बराबरी र एकमात्र हार ब्योहोरेको छ । इंग्ल्याण्डका प्रशिक्षक ग्यारेथ साउथगेट हुन भने चेक रिपब्लिकको प्रशिक्षकको जिम्मेवारी जारेस्लभ जिलहेभीले सम्हालेका छन् ।
हारपछि पनि चेक रिपब्लिक उत्कृष्ट तेस्रो टोली बन्दै अघाडिको यात्रामा बढ्न सफल भएको छ । छ समुहको विजेता र उपविजेता सोझै शिर्ष १६ पुग्दा ती छ समुहका तेस्रो हुने टोलीहरुमध्ये उत्कृष्ट चार टोलीले पान शिर्ष १६ खेल्नु पाउनेछन् । यहि कोटामा चेक रिपब्लिक पर्न सफल भयो । उसो त समुह डि मा दोस्रो हुने क्रोएशियासँग चेक रिपब्लिकको अंक र नतिजा बराबर भएको थियो । यस्तोमा अंकपछि हेड टु हेड नियम, गोलअन्तर नियम र गोल गरेको नियमअनुसार क्रोएशिया दोस्रो स्थान ओघट्न सफल भयो ।
चेक रिपब्लिकले पहिलो खेलमा स्कटल्याण्डलाई २-० ले पराजित गरेको थियो । त्यसपछि दोस्रो खेलमा क्रोएशियासँग १-१ को बराबरी खेलेको थियो भने तेस्रो खेलमा आएर इंग्ल्याण्डसँग १-० ले पराजित भयो । क्रोएशियाले पहिलो खेलमै इंग्ल्याण्डसँग १-० ले हार्दा र दोस्रो खेलमा चेक रिपब्लिकसँग १-१ को बराबरी खेल्दा समुहको अन्तिम खेलमा जीत्नैपर्ने दबाब थियो । स्कटल्याण्डलाई ३-१ ले हराएसँगै क्रोएशियाको पनि चेक रिपब्लिकजस्तै समान तीन खेलमा एक जीत, एक हार र एक बराबरीबाट समान चार अंक भयो ।
यस्तोमा १-१ को बराबरी खेलेका क्रोएशिया र चेक रिपब्लिकको हेड टु हेड हेर्दा बराबरीको नतिजा आयो । त्यसपछि गोलअन्तर हेर्दापनि समान एक आयो । त्यसपछि बढि गोल गरेको नतिजा हेर्दा चेक रिपब्लिक पछि पर्‍यो । क्रोएशियाले चार गोल गरेर तीन गोल खाएको थियो भने चेक रिपब्लिकले तीन गोल गरेर दुई गोल खाएको थियो । सबै कुरामा बराबर भएपछि अन्तिममा गोल गरेको आधारमा नतिजा छुट्टाउँदै क्रोएशिया समुह उपविजेताको हैसियतमा अघि बढ्न सफल भयो ।
चेक रिपब्लिक पनि उत्कृष्ट तेस्रो टोलीको कोटामा पर्दै शिर्ष १६ मा पुग्न सफल भयो । स्कटल्याण्डलाई ३-१ ले हराउँदा क्रोएशियाका तर्फबाट १७ औं मिनेटमा निकोला भ्लाजिक, ६२ औं मिनेटमा कप्तान लुका मोड्रीच र ७७ औं मिनेटमा इभान पेरिजिकले एकएक गोल गरेका थिए । स्कटल्याण्डका तर्फबाट ४२ औं मिनेटमा क्यालम मिकग्रेगरले एक गोल फर्काएका थिए । एकवर्षअघि हुनुपर्ने यूरोकप यसपटक कोरोनाको कारणले यूरोपका विभिन्न ११ वटा देशको ११ रमा खेलाइएको छ ।

समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं ।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

ताप्ली गाउँपालिका
कटारी, उदयपुर

उदयपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कृषि शाखा
जनहितमा जारी सन्देश !

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली बिमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिंचाइ तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by [illegible]

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट